**मानव बेचबिखन विरुद्ध सचेतना**

- बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरुरी छ ।
- विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
- पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरुरी छ ।
- समाजमा तुरुन्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीहरू समावेश गर्न जरुरी छ ।

प्रभात चिङ्गारी राष्ट्रिय दैनिक



सकारात्मक विहानीको सुरुवात

# प्रभात चिङ्गारी

राष्ट्रिय दैनिक पत्रिका

इ-पेपर हेर्नका लागि

❒ वर्ष १ ❒ अंक ९९ ❒ पृष्ठ ४ कार्तिक १९, २०८२, बुधवार (5 November, 2025, Wednesday) ❒ मूल्य रु ५/-


## वैदेशिक रोजगारीलाई क्रमशः
## नि:शुल्क बनाउँदै लैजानुपर्छ : प्रधानमन्त्री



❒ प्रभात चिङ्गारी संवाददाता

**काठमाडौँ ।** प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत क्रमशः निःशुल्क बनाउँदै लैजानुपर्ने बताएकी छन्। श्रम मन्त्रालयको जिम्मेवारी समेत समालेकी प्रधानमन्त्री कार्कीले वैदेशिक रोजगार बोर्डको १८ औँ वार्षिकोत्सवमा सम्बोधन गर्दै वैदेशिक रोजगारीमा जाने श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी बनाउन आवश्यक रहेको बताइन्। 'वैदेशिक रोजगारीलाई क्रमशः निःशुल्क बनाउँदै लैजानुपर्छ,' उनले भनिन्, 'वैदेशिक रोजगारीको क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउनुपर्छ ।'

प्रधानमन्त्री कार्कीले ठगी पूर्ण रूपमा नियन्त्रण गर्न आवश्यक भएको पनि बताइन्। 'अहिलेको वैदेशिक रोजगारी बाध्यता हो। यसको विकल्पका लागि वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको हितको लागि पुनः एकीकरण कार्यक्रम गर्न आवश्यक छ,' उनले भनिन्, 'यसका लागि आवश्यक नीतिगत र संरचनागत व्यवस्था मिलाउन निर्देशन दिन्छु।' प्रधानमन्त्री कार्कीले वैदेशिक रोजगार बोर्डमा देखिएको बेरुजु फर्स्यौटको व्यवस्थापन गर्न विशेष ध्यान दिन निर्देशन दिएकी छन्। कार्यक्रममा श्रम सचिव कृष्णहरि पुष्करले प्रधानमन्त्रीको निर्देशन अनुसार बेरुजु फर्स्यौटदेखि पुनः एकीकरणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने बताए ।

## यो सरकार संसद्‌लाई कसरी कमजोर पार्न सकिन्छ भन्ने कामामा लागेको छ : सभामुख घिमिरे

❒ प्रभात चिङ्गारी संवाददाता



**काठमाडौँ ।** चुनाव गराउने प्रयोजनका लागि गठित अन्तरिम सरकारले संसद्‌लाई कमजोर पार्ने काम गरिरहेको सभामुख देवराज घिमिरेले बताएका छन् । आफ्नो उद्देश्य पूरा गर्नतिर ध्यान दिन छोडेर सरकारले संसदीय व्यवस्थालाई कमजोर पार्ने कार्य गरिरहेको सभामुख घिमिरेको भनाइ छ । संसद्का पदाधिकारी र सांसदलाई काम गर्न असहज हुने गरी कर्मचारी कटौती लगायतका निर्णय एकलौटी रुपमा गरेर काममा अवरोध आएको सभामुखको भनाइ थियो । मंगलबार सिंहदरबारमा पत्रकारहरूसँग कुरा गर्दै सभामुख घिमिरेले शक्ति पृथकीकरणको सिद्धान्त विपरीत गएर सरकारले संसद् कमजोर पार्ने कार्य गरिरहेको बताए । सरकारले सभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपसभामुख, राष्ट्रिय सभा उपाध्यक्ष, तथा संघीय सांसदका स्वकीय र सचिवालयका कर्मचारीको संख्या कटौती गरेको थियो । राज्यका तीन निकायमध्ये संसद् एक रहेको तर कार्यपालिकाले एकलौटी रूपमा, समन्वय नगरी कर्मचारी कटौती गरेको भन्दै सभामुखले सरकारमाथि संसद् कमजोर पार्ने काममा लागेको आरोप लगाएका हुन् । 'मूलतः यो सरकार कसरी संसद्‌लाई कमजोर पार्न सकिन्छ भन्ने काममा लागेको छ। बुझेर वा नबुझेर सरकार त्यो काममा लागेको छ, जुन कुरा भेठिक छ,' सभामुखले भने । सभामुखले प्रतिनिधिसभा विघटन गरिए पनि संघीय संसद्को स्थायी सदन राष्ट्रिय सभा कायमै रहेको, आगामी निर्वाचन वा पुनर्स्थापना भएर प्रतिनिधिसभा पनि फर्किने अवस्थामा अन्तरिक सरकारले एकपछि अर्को गरी संसद्‌लाई कमजोर पार्ने निर्णय गरिरहेको बताए । प्रतिनिधिसभा विघटन भएपनि संविधानको व्यवस्थाअनुसार सभामुख र उपसभामुख कायम रहेको कुरा सरकारले ख्याल नराखेको उनले बताए। 'प्रतिनिधिसभा विघटन गरिएको छ, राष्ट्रिय सभा त छ । तर, यसलाई कसरी काम गर्नलाई अप्ठ्यारो पार्न सकिन्छ, कानुनमा मिल्दा पनि नमिल्दा पनि यसलाई कसरी रोकाउट गर्न सकिन्छ त्यो निर्णय सरकारले गरिरहेको छ,' सभामुखले भने, 'यो प्रणालीको खिलाफमा भयो । प्रकारान्तरले यो राष्ट्रको उन्नतिको खिलाफमा भयो ।' सरकारले बुझेर हो कि नबुझेर संसद् र संसदीय व्यवस्थालाई कमजोर पार्ने काम गरिरहेको हो भन्ने आफूलाई जानकारी नभएको सभामुख घिमिरेको भनाइ थियो । 'राज्यका तीन वटा अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका छन् र यिनीहरूको आ-आफ्नो स्वायत्तता छ । सञ्चालनका आफ्ना कानुन, क्षेत्राधिकार छन् र यसलाई संविधानले पनि शक्ति सन्तुलनको सिद्धान्तमा राखेको छ,' सभामुखले भने, 'तर त्यसको मतलब एकले अर्काको विरुद्धमा जाने त होइन नि, एकले अर्कालाई कोअपरेसन गर्ने हो ।' अर्थ मन्त्रालयले संसद्का पदाधिकारी र सांसदका स्वकीय सचिव कटौती गरेको थियो । अर्थमन्त्री रामेश्वर खनालले एक अन्तर्वार्तामा स्वकीय सचिवहरूले भ्रष्टाचार गर्ने माध्यम स्वकीय सचिव भएको अभिव्यक्ति दिएर भ्रम फैलाएको पनि सभामुख घिमिरेको भनाइ थियो । 'भ्रष्टाचार गर्ने माध्यम नै स्वकीय सचिव हुन्, त्यसलाई फाल्नु देशलाई भ्रष्टाचारबाट मुक्त गर्नु भन्ने टाइपको अभिव्यक्ति

## जनकपुरधामका व्यवसायीहरू आन्दोलीत, बजार बन्द गरेर विरोध प्रदर्शन

❒ प्रभात चिङ्गारी संवाददाता

**जनकपुरधाम ।** जनकपुरधाम उद्योग वाणिज्य संघ धनतेरस पर्वको पूर्व सन्ध्यामा सुनचाँदी बजारमा भएको घटनामा निष्पक्ष छानविन र दोषी प्रहरीमाथि कारबाहीको माग जनकपुरधाममा बजार व्यवसाय बन्द गरी आन्दोलनमा उतरिएको छ। संघका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि प्रहरीद्वारा गरिएको दमन तथा कुटपिट विरुद्ध जनकपुरधाम उद्योग वाणिज्य संघ र जनकपुरधामका व्यापारीहरु दोस्रो चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत बजार व्यवसाय बन्द गरेका हुन् । जनकपुरधामका व्यापारीहरु बिहान ९ बजेदेखि १२ बजेसम्म आ-आफ्नो व्यापारिक प्रतिष्ठान बन्द गरी बिरोध जनाएका छन् । त्यस्तै जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाईमा नगरमा व्यापारीहरुले बिरोध रैली समेत निकालेका थिए । संघको आह्वानमा जनकपुरधामका व्यापारीहरु पहिलो चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत व्यापारिक प्रतिष्ठानमा कालो झण्डा झुण्ड्याएर कालोपट्टी बाँधेर व्यवसाय संचालन गरी ३ दिनसम्म विरोध जनाएका थिए । धनतेरस पर्वको पूर्व सन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाको आधारमा छापा मारेको थियो । छापाको क्रममा एक पसलबाट प्रहरीले ७ किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरु प्रतिवादमा उतरिएका थिए। प्रहरीले छापाको नाममा चाँदी लुटेको आरोप लगाएर व्यापारीहरु प्रतिवाद गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो । सोही क्रममा प्रहरीको कुटाईबाट जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका थिए।






# रूद्र डिजिटल अफसेट प्रेस

**पिडारी चौक साह मिट हाउस अगाडि जनकपुरधाम**

**मो ९८६०३१२५७५**

यहाँ अत्याधुनिक अफसेट मेशिनद्वारा मल्टिकलर तथा सबै प्रकारको किताब, बिल, विवाह कार्ड ब्रोसर, बुकलेट, पोस्टर, पत्र-पत्रिका, फ्लेक्स प्रिन्ट, नाईलन स्टाम्प लगायत स्क्रीन प्रिन्ट तथा छपाई सम्बन्धी सम्पूर्ण कार्यको लागि सम्झनुहोस् ।








**यहाँ अत्याधुनिक अफसेट मेशिनद्वारा तपाईंका निम्न सेवाहरू गुणस्तरीयरूपमा प्रदान गरिन्छः**

» मल्टिकलर प्रिन्ट
» सबै प्रकारका किताब, बिल, विवाह कार्ड, ब्रोसर, बुकलेट, पोस्टर, पत्र-पत्रिका
» फलेक्स प्रिन्ट, नाईलन स्टाम्प, स्क्रीन प्रिन्ट
» छपाइ सम्बन्धी सम्पूर्ण कार्यहरू


## अध्यक्ष मेहताको सक्रियताले अस्पताल विकासको गतिलिदै



❒ प्रभात चिङ्गारी संवाददाता

**लहान ।** सिरहाको लहान नगरपालिका स्थित रा.उ. प्रादेशिक अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहतालाई सोमबार सगरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष एवं समाजसेवी रवीन्द्र चौधरीले महतोलाइ सम्मान गर्दै भन्नुभयो रा.उ अस्पतालले एउटा कुसल दक्ष डायनेमिक अनुभवी अध्यक्ष पाएकोले अस्पतालको चौतर्फि विकास हुनेमा आफू ढुक्क रहेको जनाउनु भयो । यसका लागि आफू समय समयमा अनुगमन गरि सल्लाह सुझाव दिने जनाउनु भयो ।

मेहता अध्यक्ष पदभार सम्हाल्ने बितिकै अस्पतालमा निकै सुधार भएको कुरा स्थानीय वासिहरुका भनाइरहेका छन् । बुद्धिजीवी यूवा ललित कुमार महतो भन्नुहुन्छ "वषौँ देखि अस्पतालको जग्गा सम्बन्धी विवाद प्रति मेहता जिम्मेवारीका साथ गम्भीर भएर लागेको जनाउनु भयो" यहिले विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय सहकार्यमा निरन्तर लागेको छ । अस्पताललाई राम्रो बनाउन एवं अस्पतालको जग्गा नामसारी गराउन आफू लागिपरेको यसका लागि सबैका साथ सहयोग अपरिहार्य रहेको अध्यक्ष महतोले जनाउनु भयो । साथै उक्त जग्गा नामसारी गराउन करोडौं रुपैयाँको आवश्यक्ता रहेको जानकारी गराउनु भएको छ । अध्यक्ष महतोले लहान आँखा अस्पताल हाम्रो गौरव रहेको छ जसले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउन सफल भएको छ । डाक्टर महादेव साह भन्नुहुन्छ यो अस्पताललाई प्रदेकै नमुना अस्पताल बनाउन यहाँका सरोकारवला सबैका दायित्व हो एकजुट भएर अस्पतालको विकासमा लागनुपर्नेमा जोडदिनु भयो ।

कुनै पनि विचार ,समाचार र बिज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस् । हामी तपाईलाई उचित स्थान दिनेछौं । साथै राष्ट्रिय र स्थानीय राष्ट्रिय दैनिक पत्र पत्रीकामा कुनै पनि बिज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला ।

प्रभात चिङ्गारी राष्ट्रिय दैनिकको कार्यालय जनकपुर -१३,धनुषा
क्रियटिभ मिडिया सेन्टर
मो.नं. :- ९८६०३१२५७५
ईमेल :- biruazad66@gmail.com

## सम्पादकीय

### सरकारलाई सर्वोच्चको शालीन सन्देश

निर्वाचनसँग सरोकार नै नभएको र दीर्घकालीन प्रभाव पार्ने निर्णय लिएपछि सर्वोच्च अदालतले सरकारको सीमा स्मरण गराएको छ। ११ देशमा रहेका राजदूत फिर्ता बोलाउने र भूमि समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय कार्यान्वयनमा सर्वोच्च अदालतले लगाएको रोकलाई सरकारले सकारात्मक पाठका रूपमा ग्रहण गर्नुपर्छ। त्यस्तो प्रयत्नले मात्रै सरकारका गतिविधिलाई निर्वाचनतर्फ केन्द्रित राख्ने गरी संयम हुने आत्मबल प्राप्त हुन्छ। साथसाथै, विशिष्ट समयमा छोटो अवधिका लागि बनेको सरकार स्वयं अनावश्यक विवादमा पर्ने, राजनीतिक/सामाजिक तनाव सिर्जना हुने र निर्वाचन धकेलिने जोखिमको कारक हुनबाट जोगिनेछ। त्यसैले सर्वोच्चको आदेशलाई सरकारले आफ्नो कार्यकारी अधिकार माथिको हस्तक्षेपका रूपमा लिने र प्रतिष्ठाको विषय बनाउनेभन्दा परिस्थितिको जटिलतालाई बुझ्ने अवसरका रूपमा लिनुपर्छ। वर्तमान सरकारले ३० असोजमा चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, अमेरिका र जापानमा रहेका नेपाली राजदूतलाई फिर्ता बोलाउने निर्णय लिएको थियो। केपी शर्मा ओली सरकारले १४ साउन २०८१ मा गरेको सिफारिसका आधारमा चरणबद्ध रूपमा १७ राजदूतको नियुक्ति गरिएको थियो। तीमध्ये ११ जनालाई फिर्ता बोलाइएको हो। नेपालमा राजदूत नियुक्ति र फिर्ता बोलाउने प्रक्रिया पहिल्यैदेखि चलिआएको र विवादित पनि छ। त्यसैले यतिबेला सरकारको निर्णय विवादमा पर्नुलाई त्यही सिलसिलामा जोड्न पनि सकिन्छ। तर त्यसरी मात्रै हेरियो भने परिस्थितिको यथार्थ व्याख्या हुन सक्दैन। किनकि, यो नियमित सरकार होइन। ६ महिने पदावधि रहेको र चुनाव गर्ने प्रयोजनको सरकारले त्यससँग सरोकार नै नभएको र दीर्घकालीन प्रभाव पार्ने निर्णयमा रुचि राख्नु वाञ्छनीय हुँदैन। यस्तो निर्णय लिने प्रवृत्तिले प्रश्रय पाउने हो भने सरकार थप बहकिँदै जान सक्छ। त्यसले चुनावमै अनिश्चय सिर्जना गर्न सक्छ। 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५' मा सरकारले आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनुअगावै फिर्ता बोलाउन सक्ने सुविधा दिएको छ। त्यसैले सरकारले जुनसुकै बेला राजदूत फिर्ता बोलाउन सक्छ। तर, यस्तो निर्णय स्वेच्छाचारी प्रवृत्तिबाट निर्देशित हुनुहुँदैन, जिम्मेवारीबोधबाट परिचालित हुनुपर्छ। मुख्यतः सार्वजनिक औचित्य स्थापित हुनुपर्छ। सरकारको मूल दायित्वलाई सहयोग पुग्ने सुनिश्चित हुनुपर्छ। राजनीतिक र कूटनीतिक क्षतिप्रति सचेत भएर लिइएको निर्णय हो भनेर विश्वास गरिने खालको हुनुपर्छ। जुनजुन देशमा कार्यरत राजदूत फिर्ता बोलाइयो, उनीहरू किन फिर्ता बोलाइए भनेर सरकारले औपचारिक रूपमा कारण दिएको छैन। समय सन्दर्भ पनि नमिलेको र उपयुक्त कारण पनि स्थापित नभएको यस्तो निर्णयले सरकारको स्वेच्छाचारिता प्रकट गर्छ। अघिल्लो सरकारले गरेका निर्णय सबै खारेजयोग्य हुँदैनन् भनेर वर्तमान सरकार सञ्चालकहरूले बोध गर्नुपर्छ। राज्य भनेको अविच्छिन्न संस्था हो। औचित्यका आधारमा कतिपय निर्णय खारेज हुन सक्छ, कतिपय निर्णय सुधार गरिन सक्छ। तर त्यसले सकारात्मक उद्देश्यको अनुभूति दिनुपर्छ। राज्य संयन्त्रको निरन्तरतालाई सुनिश्चित गर्नुपर्छ। नत्र बदलाभाव वा प्रतिशोधको झलक दिन्छ। त्यसरी अघि बढ्दा राज्यप्रतिको विश्वसनीयता नै कमजोर भएर जान्छ। यतिबेला राजदूत फिर्ता बोलाउन सहज भए पनि नियुक्तिको प्रक्रिया पूरा गर्न कठिन छ। किनकि, राजदूत नियुक्तिको सिफारिस मन्त्रिपरिषद्ले गर्ने भए पनि संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै उनीहरूको नियुक्ति हुन्छ। अहिले प्रतिनिधिसभा नै विघटन भइसकेको स्थितिमा संसदीय सुनुवाइ हुन सक्ने स्थिति छैन। अर्कोतर्फ, निर्वाचन प्रयोजनका लागि बनेको सरकारले चारवर्षे कार्यकाल हुने र दीर्घकालीन महत्त्व बोक्ने राजदूत नियुक्तिको सिफारिस गर्न पनि सक्दैन। यसरी पुराना राजदूत फिर्ता आउने तर नयाँ नियुक्ति गर्न कठिनाइ हुने भएकाले सम्बन्धित देशमा लामो समयसम्म नेपाली राजदूत नहुने स्थिति सिर्जना हुन्छ। सरकारले यस्ता सबै पक्षलाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्छ। सबैभन्दा ध्यान दिनुपर्ने विषय चाहिँ सरकारको मुख्य दायित्व हो। २७ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गरेका थिए। त्यसै दिन प्रधानमन्त्री कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन गरिएको थियो र २१ फागुनका लागि निर्वाचन तोकिएको थियो। त्यसैले सरकारको मूल दायित्व निर्वाचन नै हो। जेन-जी आन्दोलनको जगमा गठित सरकार भएकाले सुशासन, आन्दोलनक्रममा भएका दमन र आगजनीका घटना छानबिन र कारबाहीलाई पनि आन्दोलनकै 'म्यान्डेट'का रूपमा लिन सकिन्छ। तर त्यसइतरका कामबाट राजनीतिक द्वन्द्व सिर्जना गर्ने र मुलुकमा विवादका अनावश्यक विषय सिर्जना गर्दै अन्योलतिर धकेल्ने काम भने उचित होइन। सर्वोच्चको आदेशलाई सरकारले शालीन सन्देशका रूपमा लिएर संयमित र सुविचारित ढंगले अघि बढ्ने प्रेरणा लिने हो भने मूल उद्देश्यतर्फको यात्रा सहज हुनेछ।

## संसदीय कि प्रत्यक्ष कार्यकारी ?



कटक मल्ल



नेपालमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिका बारेमा बहस भइरहेको छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली (फ्रान्सेली र अमेरिकी) जस्तै संसदीय प्रणाली (स्क्यान्डिनेभियाली, जर्मनी, बेलायती र भारतीय) लाई पनि लोकतान्त्रिक मानिन्छ। आन्तरिक रूपमा लोकतान्त्रिक राजनीतिक दलहरू भएका मुलुकहरूमा राष्ट्रपतीय प्रणाली र संसदीय प्रणाली अपेक्षाकृत रूपमा चल्छन्। लोकतान्त्रिक प्रणालीका लागि राजनीतिक दलहरूले 'धमनी' र 'नसा' जस्तै काम गर्छन्। राजनीतिक प्रणालीलाई जैविक रूपमा हेर्‍यो भने 'धमनी र नसा' ले राम्ररी काम न गर्दा हृदयाघात, स्ट्रोक वा अंगहरूमा क्षति पुर्‍याउन सक्छ। यस अर्थमा नेपाली लोकतन्त्रलाई हृदयाघात भएको, निसास्सिएको वा मृत छ ? विभिन्न व्याख्या गर्न सकिन्छ। राजनीतिक संस्कृतिले लोकतन्त्र सञ्चालनका लागि अक्सिजनको काम गर्छ, जसले श्वासप्रश्वासमा मद्दत गर्न सक्छ। राजनीतिक संस्कृति नहुने हो भने लोकतन्त्र निर्जीव शरीर जस्तै हुन्छ। व्यंग्यात्मक रूपमा, 'फुटबल संस्कृति' वा 'क्रिकेट संस्कृति' मध्ये एक छनोट गर्न नेपाली अल्झिएका छन्। विद्यमान नेपाली राजनीतिक संस्कृतिअन्तर्गत प्रत्यक्ष निर्वाचित कार्यकारीले कस्तो प्रकारको परिवर्तन ल्याउन सक्छन् ? वा राजनीतिक संस्कृतिमा के परिवर्तन गर्न सक्छ ? निर्वाचित राष्ट्रपति प्रणाली होस् वा संसदीय प्रणाली राजनीतिक संस्कृतिबिना सफल हुन सक्दैन भन्ने यस लेखको विषयगत सन्देश हो।

**लोकतन्त्र किन र कसरी मर्छ ?**

राष्ट्रपतीय र संसदीय प्रणाली कुन देशमा सफल वा असफल भन्ने अन्तर्राष्ट्रिय सूचकांकले नेपालको लोकतान्त्रिक आवश्यकतालाई सहयोग गर्दैन। यी दुवै प्रकारका प्रणालीमा सरकारका तीन अंगहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) बीच शक्तिको स्पष्ट पृथकीकरण, शक्ति नियन्त्रण र सन्तुलनका आधारमा एकअर्काका शक्ति दुरुपयोगलाई रोकिन्छ। नेपालमा शक्तिको पृथकीकरण, शक्ति नियन्त्रण र सन्तुलन हुन सकेन। उदाहरणका लागि, दुई प्रमुख दल एमाले र कांग्रेसको गठबन्धनका कारण मन्त्रिपरिषद्को सामूहिक जिम्मेवारी विकास हुन सकेन। दलका नेताहरूको प्रभुत्वका कारण संसद् निष्क्रिय भएको थियो। व्यवस्थापिका वा कार्यपालिकाले सम्हाल्नुपने मुद्दाहरू सर्वोच्च अदालतले निर्णय गर्ने गरेकाले अनावश्यक राजनीतिक खतराहरू निम्त्याएको देख्न सकिन्छ। नेपालमा भइरहेको राजनीतिक उथलपुथलपछि सर्वोच्च अदालतले सतर्कता अपनाउनुपर्ने देखिन्छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका नमुनाहरू आयात वा नक्कल गर्न सकिन्छ। तर राजनीतिक संस्कृति र मूल्यमान्यताहरू आयात वा नक्कल सकिँदैन। अर्थात्, जुन स्थानमा 'लेउ', 'च्याउ' र 'खिया' उम्रिन्छ, त्यहाँ धान, गहुँ र मकै उमार्न सकिँदैन। यी रूपकहरू राजनीतिक प्रणालीहरूको वर्णन गर्न उपयुक्त नहुन सक्छन्। तर राजनीतिक प्रणालीलाई प्रत्यारोपण होइन, रोपण आवश्यक पर्छ। आजको 'कानुनविहीन संसारमा' लोकतन्त्रका अन्तर्राष्ट्रिय सूचकांक पनि शंकास्पद भएका छन्। यस्ता सूचकांकहरूमा अमेरिका र पश्चिमी युरोपेली लोकतन्त्रहरू आन्तरिक रूपमा काम गरिरहेका हुन सक्छन्। तर तिनीहरूको विश्वसनीयता चकनाचुर भएको छ, विशेष गरी विभिन्न देशहरूमा हुने गरेका अमेरिकी आक्रमण र अमेरिकाप्रति पश्चिमी युरोपेली नीतिहरूका र गाजामा नरसंहारका कारण तेसो हुन गएको हो। सुशासनका आख्यानहरू, लोकतन्त्र कहाँ छ र कसको शब्दमा लोकतन्त्र भन्ने गम्भीर प्रश्नहरू उठेका छन्। लोकतन्त्र लेउ, च्याउ र खिया जस्तै भएको त होइन ? 'लोकतन्त्र अन्धकारमा मर्छ' भन्ने 'द वासिङटन पोस्ट' पत्रिकाले २०१७ मा एक नारा अपनाएको थियो। नागरिक 'उदासीनता' बाट लोकतन्त्रको बिस्तारै लोप हुनेछ भनेर दार्शनिक एल्डस हक्सलीले धेरै पहिले अनुमान गरेका थिए। स्विडेनमा 'सेन्टर पार्टी' की नेत्री अन्ना-करिन ह्याटले हालै बढ्दो घृणा र धम्कीका कारण राजीनामा दिएकी छन्। उनीभन्दा पूर्वनेत्री अन्नी लोभले पनि सोही कारणले पद त्याग गरेकी थिइन्। सेन्टर पार्टी वर्तमान सरकारमा छैन, यस पार्टीको जातिवादविरोधी अडानका कारण दक्षिणपन्थीहरूले व्यापक घृणा र धम्की दिएका छन्। नेपालमा लोकतन्त्र पुनर्जीवित गने प्रयास भइरहेको छ। संसदीय प्रणालीको सुधार गर्ने भन्ने एक प्रकारको जनमत देखिन्छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमार्फत लोकतन्त्रको पुनर्जीवन गर्न सकिन्छ भन्ने अर्को प्रकारको जनमत देखिन्छ। लोकतान्त्रिक संस्कारबिना संसदीय प्रधानमन्त्री होस् वा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, कुनैले पनि लोकतन्त्र पुनर्जीवित हुन सक्तैन। त्यसका लागि नेपाली संस्कृतिको पुनर्विचार वा रोपण आवश्यक छ।

**संसदीय प्रधानमन्त्री र कार्यकारी राष्ट्रपति**

नेपालको संसदीय प्रणाली अस्थिरताबाट ग्रस्त छ र मुलुक बारम्बार सरकार परिवर्तनको सिकार भएको छ। राष्ट्रपति प्रणालीको स्थिर कार्यकाल निर्धारित (लगभग पाँच वर्ष) हुने भएकाले नीतिमा निरन्तरता हुन्छ भन्ने विश्वास गरिन्छ। राष्ट्रपतिको प्रत्यक्ष निर्वाचनले संसदीय प्रधानमन्त्रीभन्दा लोकतान्त्रिक वैधता दिन्छ। संसदीय प्रधानमन्त्री विधायिकाको विश्वासमा निर्भर हुने र सामूहिक जिम्मेवारीमा आधारित हुने भएकाले छिटो निर्णय लिन सक्दैनन्, त्यसैले राष्ट्रपति प्रणालीको छिटोछरितो र प्रभावकारी हुन सक्छ भन्ने तर्क गरिन्छ। राष्ट्रपतिले विधायिकी नियन्त्रणबिना नै मन्त्रिपरिषद् चयन गर्न सक्छन्। राष्ट्रपतिप्रति उत्तरदायी मन्त्रिपरिषद् प्रभावकारी हुन सक्छ। राष्ट्रपति प्रणाली नकारात्मक पनि हुन्छन्। कार्यपालिका र व्यवस्थापिकाबीच गतिरोधको सम्भावना हुन्छ, जस्तै- आर्थिक वर्ष सुरु हुनुपहिले अमेरिकी संसद् कांग्रेसले राष्ट्रपतिद्वारा प्रस्तुत बजेट स्वीकार नगरेसम्म सरकारी खर्च गर्न सकिँदैन, यसलाई 'गभर्मेन्ट सटडाउन' भनिन्छ। कार्यकाल समाप्त हुनुभन्दाअघि प्रभावरहित राष्ट्रपतिहरूलाई हटाउन गाह्रो हुन्छ। शक्ति केन्द्रीकरणको जोखिम र अधिनायकवादको सम्भावना हुन्छ। व्यवस्थापिकाप्रति जवाफदेहिता कम हुने हुँदा व्यवहारमा राष्ट्रपतिको शक्तिउपर कमजोर नियन्त्रण हुन जान्छ। अमेरिकी राष्ट्रपति निर्वाचन असमान प्रतिनिधित्व, एक व्यक्ति एक मत लागू नहुने र मतदाताहरूलाई बेवास्ता गरिने कारणले विवादास्पद छ। ठूला राज्यहरू, जस्तैः क्यालिफोर्नियाको मतदाताको तुलनामा वायोमिङमा मतदाताको प्रभाव धेरै हुन्छ। विगतमा पाँच पटक लोकप्रिय मत गुमाउने उम्मेदवारले राष्ट्रपति पद जितेको छ। यसले एक व्यक्ति, एक मतको सिद्धान्तलाई कमजोर बनाउँछ। 'स्विङ स्टेट पूर्वाग्रह', अर्थात् सुरक्षित राज्यहरूमा मतदाताहरूलाई बेवास्ता गरी परिणामहरू अनुमान गर्न सकिन्छ। यस प्रकारको निर्वाचन दासत्वलाई निरन्तरता दिनका लागि व्यवस्थित गरिएको थियो, जुन अमेरिकी संविधानको कठोर प्रणालीका कारण संशोधन गर्न लगभग असम्भव छ। वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पको उदाहरण आशाजनक नभए पनि अमेरिकी लोकतान्त्रिक संस्कृति र प्रणालीको सजकता र लचिलोपनका कारण मानिसहरू अर्को चुनावमा सकारात्मक परिवर्तन हुने आशा गर्छन्। व्यवस्थापिकाप्रति जवाफदेही र प्रधानमन्त्रीको उच्च उत्तरदायित्व संसदीय प्रणालीको सकारात्मक चरित्र हो। गैरजिम्मेवार प्रधानमन्त्रीलाई अविश्वासको मतमार्फत हटाउन सकिन्छ। कार्यपालिका र व्यवस्थापिकाबीच राम्रो समन्वय आवश्यकता हुन जान्छ। गठबन्धन र सम्झौतालाई प्रोत्साहन गर्दछ (तर बारम्बार सरकार परिवर्तन र अस्थिरता संसदीय प्रणालीको नकारात्मक चरित्र हो)।

## आवश्यक फोन नम्बरहरु

### सिरहा

सिरहा जिल्ला अदालत ०३३-५२१२४७
जिल्ला प्रशासन कार्यालय सिरहा ०३३-५२०१२१
सामुदायिक विकास परि.एम्बुलेन्स ५२१००५,
जिल्ला प्रहरी कार्यालय सिरहा ९८५२८६५५५५
दसहारा एम्बुलेन्स ५२०६७७, ९८४४२६००००
राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ९८५२८२४६६६
सिरहा जिल्ला हुलाक कार्यालय ९८४२८४०५१२
प्रादेशिक अस्पताल, सिरहा ९८४४२७४५०१
प्रादेशिक अस्पताल लहान ९८५११४०४४७
मालपोत कार्यालय लहान ९८५२८३१६४४
वारुण यन्त्र ९८५२८३२९७६, ९८५२८५३०००
सिरहा अस्पताल ०३३-५२००९५
रेडक्रस ०३३-५२०५६६
चन्द्रनारायण यादव अस्पताल ०३३-४६००००
आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुरधाम

प्रहरी धनुषा ०४१-५२००९९
सुरक्षा गुल्म जनकपुर बैरेक ०४१-५२६५८६
मुजेलिया प्रहरी चौकी ०४१-५२०७५०
ट्राफिक कार्यालय जिरोमाईल ०४१-५२०३६६
एम्बुलेन्स पब्लिक वेल फेयर ९८५४०२२४७४
एम्बुलेन्स रेडक्रस १०२
एम्बुलेन्स (सरोज फाउन्डेशन) ०४१-५२२८०६
महाबीर एम्बुलेन्स ०४१-५२५९८०
एम्बुलेन्स मेडिकल कलेज ०४१-५२६०९१
एम्बुलेन्स केयर मेडिकल सेन्टर ०४१-५२३८६४
बरुण यन्त्र जनपा ०४१-५२००११
जिल्ला जनस्वास्थ्य कार्यालय ०४१-५२६२७१
जनकपुर अंचल अस्पताल ०४१-५२००३३
केयर मेडिकल सेन्टर ०४१-५२३८६४

### जानकी मन्दिर पुजाआजा





बहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बज

## तपाईको राशिफल

**मेष : (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
नयाँ अवसरहरू आउनेछन्, पुराना योजना अघि बढ्नेछन्। तर अनावश्यक खर्चले सताउन सक्छ, वित्तीय व्यवस्थापनमा ध्यान दिनुहोस् ।

**वृष :**
पारिवारिक सम्बन्धमा मधुरता आउँछ। व्यापार/व्यवसायमा लाभ हुने योग छ । लगानी वा जमिनसम्बन्धी काममा सफलता पाउन सक्नुहुन्छ ।

**मिथुन : (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
काम-धन्दामा प्रगति हुन्छ। पढाइ-लेखाइमा मन जानेछ । तर स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ, खानपानमा ध्यान दिनुहोस् ।

**कर्कट : (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
प्रेम जीवन र सम्बन्धमा सुधार हुन्छ। तर वाणी र क्रोध नियन्त्रण गर्नुपर्ने हुन्छ । नोकरी वा प्रतिस्पर्धामा सफलता मिल्नेछ ।

**सिंह : (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
नयाँ काम सुरु गर्ने अनुकूल समय। पद प्रतिष्ठा बढ्नेछ, समाजमा मान-सम्मान पाउने मौका । शुभ समाचार प्राप्त हुनेछ ।

**कन्या : (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
अध्ययनमा प्रगति हुने, विदेश वा यात्रामा लाभ हुने । परिवारसँग मिलाप बढ्ने। स्वास्थ्य सामान्य रहने ।

**तुला : (रा, रि, रू, रे, रो, ता, ति, तु, ते)**
आयस्रोत बढ्ने छ तर खर्च पनि बढ्न सक्छ । अनावश्यक विवाद र तर्कवितर्कबाट टाढा रहनु उपयुक्त हुन्छ ।

**वृश्चिक: (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
घर-परिवारमा खुसी छाउनेछ। शुभ समाचार प्राप्त हुनेछ। नोकरी वा व्यापारमा प्रगति । साथीभाइबाट सहयोग पाइने ।

**धनु : (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
धार्मिक तथा सामाजिक काममा संलग्न हुने समय। तर खर्च बढ्न सक्ने भएकाले सावधान रहनुपर्छ । पारिवारिक वातावरण सामान्य रहने ।

**मकर: (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो,गा, गि)**
व्यवसाय र व्यापारमा लाभ, नयाँ योजना अघि बढाउने राम्रो समय । साथी वा परिवारबाट ठुलो सहयोग पाइने ।

**कुम्भ : (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
मान्यता बढ्नेछ, समाजमा नाम हुने । तर महत्वपूर्ण निर्णय लिँदा धैर्य र सावधानी अपनाउनु पर्छ ।

**मिन : (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
प्रेम र दाम्पत्य जीवनमा मधुरता छाउनेछ। आर्थिक लाभ हुने समय । पढाइ र यात्रामा पनि अनुकूलता रहने ।


**व्यक्तिगत घटना सम्बन्धि सूचना !!!**

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

**जन्म दर्ता किन गर्ने ?**

- उमेरको निर्णायक प्रमाण प्रदान गर्न
- बालबालिकालाई स्कुल भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- राष्ट्रिय परिचयपत्र लिन



बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखि आमा सूचक बनि जन्मको घटना दर्ता गर्न सकिन्छ ।

**लहना नगरपालिका,सिरहा**
मधेश प्रदेश, नेपाल



**बलरा नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय सर्लाही**
**मधेश, प्रदेश, नेपाल**

**सुचना !  सुचना ! !  सुचना ! ! !**

## आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१९ गते)**

**यस नगरपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुका लागि देहाय बमोजिमका पदहरु करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दर्खास्त अह्वान गरिएको छ ।**

| वि.न | पद | माग पद संख्या | तह | आवेदन दस्तुर | परीक्षाको किसिम | न्युनतम शैक्षिकक योग्यता |
|---|---|---|---|---|---|---|
| ०१।०८२।८३ | स्टाफ नर्स | १ जना | सहायक पाँचौ | रु ५०० | लिखित र अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स (PCL in Nursing) कोर्ष उतिर्ण |
| ०२।०८२।८३ | अ.न.मि. | १० जना | सहायक चौथो | रु ५०० | लिखित र अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ न मि कोर्ष उतिर्ण |
| ०३।०८२।८३ | रेडियोग्राफर / डार्करुम असिस्टेन्ट | १ जना | सहायक चौथो | रु ५०० | लिखित र अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफी (PCL in Radiography) वा डार्करुम एसिस्टेन्ट कोर्ष उतिर्ण |
| ०४।०८२।८३ | एम्बुलेन्स चालक | ४ जना | श्रेणीविहिन | रु ५०० | लिखित, अन्तरवार्ता तथा प्रयोगात्मक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उतिर्ण गरी सवारी चालक अनुमति पत्र प्राप्त |

**आवश्यक कागजात :**

१ शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि ।
२ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३ पेशागत दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
४ सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।
५ आवश्यक हुने अन्य कागजात ।


# शर्मालाई पार्टी एकताको प्रक्रियामा सहभागी हुन संयोजक दाहालको आग्रह

**काठमाडौँ ।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहालले मुलुकका वामपन्थी पार्टीबीचको एकताबाट समाजवादी क्रान्तिको दिशामा अघि बढ्ने वातावरण बनेको बताएका छन् । कमलादीस्थित प्रज्ञा भवनमा आज बसेको माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठकलाई सम्बोधन गर्दै उनले जेनजी आन्दोलनलाई समाजवादी क्रान्तिका रूपमा संश्लेषण गर्नुपर्ने बताए । विभिन्न नौ वाम घटकसँगको एकताबारे असन्तुष्टि व्यक्त गर्दै पार्टी पुनर्गठन अभियान सञ्चालन गर्ने घोषणा गरेका नेता जनार्दन शर्मालाई पार्टी एकताको प्रक्रियामा सहभागी हुन संयोजक दाहालले आग्रह गरे । 'तपाईं (जनार्दन)ले आफ्नो निर्णयमा पुनर्विचार गर्नुस्, पार्टीमा फर्कनुस्, सँगै अघि जानुपर्छ,' उनले भने । संजोजक दाहालले गणतन्त्रवादी, लोकतन्त्रवादी र देशभक्तहरू एकता अहिलेको आवश्यकता भएको उल्लेख गर्दै देशभक्तिपूर्ण आन्दोलनमा समाहित हुन परिवर्तनकारी शक्तिलाई आह्वान गरे । वामपन्थी र देशभक्ति अभियान सञ्चालन गरिरहेका कम्युनिष्ट नेताहरू पनि एकता प्रक्रियामा सहभागी हुने उनको विश्वास छ । माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले मुलुकको आर्थिक समृद्धि, सुशासन र भ्रष्टाचार नियन्त्रणको राष्ट्रिय कार्यभार पूरा गर्ने उद्देश्यका साथ बृहत् वामपन्थी एकता गर्न लागिएको स्पष्ट पारे । नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र ध्रुवीकरण अहिलेको आवश्यकता भएको उल्लेख गर्दै उनले सम्पूर्ण देशभक्त शक्तिहरू एक ठाउँमा आउनुको विकल्प नभएको दोहोऱ्याए । बैठकले पार्टी एकतासम्बन्धी प्रस्ताव पारित गरेको छ । प्रवक्ता अग्निप्रसाद सापकोटाले समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएको उल्लेख गर्दै सोही आवश्यकता



पूरा गर्न विभिन्न नौ वटा वाम घटकबीच एकता घोषणा हुन लागेको जानकारी दिए । उनका अनुसार भोलि भृकुटीमण्डपमा पार्टी एकता घोषणासभा हुनेछ । एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' रहने बताइएको छ । माओवादी केन्द्र, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी समाजवादी), नेकपा (साम्यवादी)सहित विभिन्न नौ वटा कम्युनिष्ट पार्टीबीच एकता हुँदैछ । एकतापछि बन्ने पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुने र नेपाली क्रन्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुने प्रवक्ता सापकोटाले जानकारी दिए । एकता प्रक्रियामा सहभागी सबै घटकको केन्द्रीय समितिको संयुक्त भेलाबाट पार्टी एकताको घोषणा, घोषणापत्र र अन्तरिम विधान पारित तथा केन्द्रीय समितिको गठन हुनेछ ।

# 'टक्सिक'ले बिगाऱ्यो २०२६ को रिलिज क्यालेन्डर, ४ फिल्म पोस्टपोन्ड !



**काठमाडौँ ।** 'केजीएफ' स्टार यश चार वर्षपछि नयाँ फिल्म 'टक्सिक'मार्फत पुनः पर्दामा फर्किँदैछन् । १९ मार्च २०२६ मा रिलिज हुन लागेको यो फिल्मले भारतीय बक्स अफिसमा नयाँ रेकर्ड बनाउने अपेक्षा गरिएको छ । फिल्मप्रतिको उच्च उत्साहका कारण यसले आगामी वर्षको रिलिज क्यालेन्डरमा समेत प्रभाव पारेको छ । मार्च र अप्रिलमा तय केही फिल्महरू स्थगित भइरहेका छन् ।

बलिउड निर्देशक सञ्जय लीला भन्सालीले सन् २०२६ को इद, अर्थात् २० मार्चमा आफ्नो नयाँ फिल्म 'लभ एन्ड वार' रिलिज गने तयारी गरेका थिए । तर, बक्स अफिसमा 'टक्सिक'सँग टकराव हुने भएपछि उनी इदमा फिल्म रिलिज गर्ने योजनाबाट पछाडि हटेको चर्चा छ । अब उनले अगस्टमा फिल्म रिलिज गर्न सक्ने जनाइएको छ । 'टक्सिक'का कारण फिल्म 'धमाल ४'को पनि रिलिज पोस्टपोन्ड भएको खबर छ । २० मार्चलाई प्रदर्शन मिति घोषणा गरिएकोमा अब अप्रिल वा जुनमा फिल्म रिलिजको सम्भावना रहेको इन्डिया टाइम्सले जनाएको छ । 'टक्सिक'को तीन सातापछि अर्थात् अप्रिल १० मा रिलिज हुन लागेको निर्देशक डेविन धवनको फिल्म 'है जवानी तो इश्क होना है' पनि दुई महिना पछाडि सरेको छ । बलिउड मात्र नभइ 'टक्सिक'को डरले तेलुगू फिल्म 'डकैत : अ लभ स्टोरी' समेत सरेको छ । मार्च १९ मा प्रदर्शन हुने भनिएको यो फिल्म अब डिसेम्बर २५ मा रिलिज हुनेछ । यीसँगै मार्च २ मा रिलिज हुन लागेको अक्षय कुमार अभिनीत फिल्म 'भूत बंगला' पनि पोस्टपोन्ड हुनसक्ने चर्चा छ । यसरी हेर्दा 'टक्सिक'का कारण २०२६ को रिलिज क्यालेन्डर अस्तव्यस्त बनेको छ ।

# महिला क्रिकेटमा भारतको ऐतिहासिक उडानसँगै नयाँ युगको सुरूवात



**काठमाडौँ ।** भारतले पहिलोपटक महिला क्रिकेट विश्वकप जित्दै देशमा महिला खेलको नयाँ अध्याय सुरु गरेको छ। कप्तान हरमनप्रीत कौरले दक्षिण अफ्रिकाविरुद्धको फाइनलमा निर्णायक क्याच समात्दै दशौँ दशकदेखिको प्रतीक्षा समाप्त गरिन्। यो जितले न केवल भारतको सपना पूरा गऱ्यो, बरु महिला क्रिकेटमा अस्ट्रेलियाको एकाधिकारलाई चुनौती दिने नयाँ युगको सुरुवात पनि गऱ्यो। भारत पुरुष क्रिकेटमा वर्षौदेखि शक्तिशाली राष्ट्र रहँदै आएको भए पनि महिला टोलीले विश्व उपाधि जित्न पहिलोपटक सफल भएको हो। भारतले पहिलो विश्वकप १९७८ मा आयोजना गरेर सहभागिता जनाएको थियो। त्यसपछि २००५ र २०१७ मा फाइनल पुगेको थियो जहाँ पहिलोपटक अस्ट्रेलिया र दोस्रो पटक इंग्ल्यान्डसँग पराजित हुँदै उपाधि भने जित्न सकेन । २०१७ को विश्वकपमा हरमनप्रीत कौरले अस्ट्रेलियाविरुद्ध अविजित १७१ रनको ऐतिहासिक पारी खेल्दै विश्व क्रिकेटमा सनसनी मच्चाएकी थिइन्। तर त्यस वर्षको फाइनलमा नौ रनले हार्दा टोली निकै निराश भएको उनले सम्भिइन्। 'हरेक हारपछि हामी केही दिन मौन रहन्थ्यौं, तर फर्किएपछि फेरि नयाँ सुरुवात गर्ने निर्णय गर्थ्यौं' कौरले विश्वकप जितपछि भनिन्। पूर्व इंग्ल्यान्ड कप्तान तथा कमेन्टेटर नासिर हुसैनले भने, 'भारतमा महिला क्रिकेट पहिले नै बढ्दो अवस्थामा थियो। यो जितले त्यसलाई अर्को स्तरमा पुऱ्याएको छ।' २०२२ को विश्वकपमा समूह चरण पार गर्न असफल भएपछि भारतीय क्रिकेट बोर्डले महिला क्रिकेटमा ठूलो लगानी गर्न थालेको थियो। त्यसको नतिजा स्वरूप महिला प्रिमियर लिग (डब्लुपीएल) २०२३ मा सुरु भयो। तीन सिजनपछि यही लिगबाट उदाएका केही खेलाडीहरू विश्वकप जित्न महत्वपूर्ण बने। जस्तै, मध्यम गतिका बलर क्रान्ति गौड (८ खेलमा ९ विकेट) र बायाँ हाते स्पिनर श्री चारणी (९ खेलमा १४ विकेट) दुवैले २०२५ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यू गरेका थिए। महान् क्रिकेटर सचिन तेन्दुलकरले यस जितलाई १९८३ को पुरुष विश्वकप जितसँग तुलना गरे। उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, '१९८३ ले एउटा पुस्तालाई सपना देख्न सिकायो। आज हाम्रो महिला टोलीले त्यो इतिहास दोहोर्याएकी छ। अब देशभरका हजारौं महिलाहरू ब्याट र बल समातेर त्यही सपना देख्न प्रेरित हुनेछन्।'

## उत्तर कोरियाको सर्वोच्च जनसभाका पूर्व अध्यक्ष किम योङ नामको निधन



**काठमाडौँ ।** उत्तर कोरियाको सर्वोच्च जनसभाका पूर्व अध्यक्ष किम योङ नामको ९७ वर्षको उमेरमा निधन भएको उत्तर कोरियाली केन्द्रीय समाचार एजेन्सी (केसिएनए) लाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन् । १९९८ देखि २०१९ सम्म उनी सर्वोच्च जनसभाका अध्यक्ष थिए । उत्तर कोरियाका संस्थापक किम इल सुङ, उनका छोरा किम जोङ इल र अहिले नाति किम जोङ उनअन्तर्गतका शासनमा उनले विभिन्न कुटनीतिक पदहरु पाए । उनी किम वंशका बफादार मानिन्थे ।

उत्तर कोरियाको केन्द्रीय समाचार एजेन्सी (केसिएनए) का अनुसार विभिन्न अंगहरुले काम गर्न छाडेपछि (मल्टिपल अर्गन फेलियर) उनको निधन भएको हो । एजेन्सीको समाचारमा उल्लेख छ, 'उनी पुरानो पुस्ताका क्रान्तिकारी हुन् । जसले हाम्रो पार्टी र देशको इतिहास विकास गर्ने अद्भूत उपलब्धि छाडेका छन् ।' उनलाई राजकीय सम्मानसहित अन्त्येष्टि गरिने भएको छ । किम वंशका तीन पुस्तासँग काम गरेको भए पनि उनी त्यस परिवारका नातेदार भने होइनन् । कोरियाली प्रायद्धिप जापानी उपनिवेश रहेका बेला उनको जन्म भएको थियो । केएनसिएले उनलाई 'जापान विरोधी राष्ट्रवादी' भनेर सम्मान गरेको छ । प्योन्गयाङ स्थित किम इल सुङ विश्वविद्यालयमा आफ्नो पढाई पूरा गरेपछि उनले केही समय मस्को गएर पनि पढेका थिए । त्यसपछि १९५० को दशकमा राजनीतिक करियर सुरु गरे । उनले पहिले उत्तर कोरियाको विदेश मन्त्री र त्यसपछि सर्वोच्च जनसभामा अध्यक्षका रुपमा काम गरे । उत्तर कोरियाको वास्तविक शक्ति किम परिवारमै निहित भए पनि किम योङ नामलाई अन्तर्राष्ट्रिय समुदायले यस देशको प्रतिनिधिका रुपमा हेर्ने गरेको थियो ।


## लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ






### लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-

एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रूचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।

### मानसिक असर:-

एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउते, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

### पारिवारिक तथा सामाजिक असर:

पारिवारिक असमझदारीबढने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने,अनैतिक कार्यमा संलग्न हने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।

जनहितमा जारी सन्देश

नवराजपुर गाउँपालिका, सिरहा
मधेश प्रदेश, नेपाल


प्रकाशक: विरेन्द्र कुमार साह, सम्पादक: शिव कुमार साह, कार्यालय : जनकपुरधाम पिराडीचौक नमुना वस्ती साहमिट अगाडी मो.नं.: ९८४२८२४९५१ जि. प्र. का. दर्ता नं. २६२/०८१/०८२
E-mail: biruazad66@gmail.com, Website: www.prabhatchigari.com
PRABHAT CHIGARI NATIONAL DAILY NEWS PAPER